# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टङ्गाल, काठमाडौं

मिति: २०८२।०५।०२ गते।

## प्रेस विज्ञप्ति

**विषयः** प्रतिवादी जय पृथ्वीराज बुढाथोकीसमेत रहेको भ्रष्टाचार मुद्दामा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएको।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट जिल्ला सल्यान, कालिमाटी सव-डिभिजन कार्यालयका फरेष्टर जय पृथ्वीराज बुढाथोकी समेतका प्रतिवादीहरु उपर तुल्सीपुर-पुरन्धारा-बोटेचौर सडक खण्ड स्तरोन्नतीको क्रममा हटाइएका बिभिन्न जातका रुखहरु कटान, मुछान लगायत बिक्री वितरणमा ४३९.२३ क्यू.फिट काठ हिनामिना गरेको देखिएकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुर र ४३६.२२ क्यू.फिट कम लगत राखी दफा १७ को कसुरको दफा २१ बमोजिमको उद्योगसमेत गरेकोले सोही ऐनको दफा १७ ले निर्देश गरे बमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम जरिवाना र सोही उपदफा को खण्ड (घ) बमोजिम कैद हुन एवं सोही ऐनको दफा २१ बमोजिम सजाय हुन र सोही ऐनको दफा १७ बमोजिम बिगो रु.२,६८,५६१।- असुल उपर हुन मागदाबी लिई विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएकोमा विशेष अदालतले मिति २०८०।१२।१३ को फैसलाबाट सफाई दिएकोले उपरोक्त फैसलाउपर मिति २०८२।०५।०२ गते सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएको छ।

प्रवक्ता
राजेन्द्र कुमार पौडेल